# कृषि विकास बैंक लि.

## जनशक्ति व्यवस्थापन विभाग

## खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिका लागि कर्मचारी दरखास्त आव्हान सम्वन्धी सूचना

**सूचना प्रकाशन मिति २०८०/११/११)**

यस बैंकको आ.व.२०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत स्थायी कर्मचारी दरवन्दीमा रिक्त रहेका तपसिलमा उल्लेखित पद र तहमा खुला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्न लोक सेवा आयोगबाट मिति २०८०/११/१० मा प्राप्त सहमति अनुसार तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट २०८०/११/११ गतेदेखि अनलाइन दरखास्त फाराम आव्हान गरिएको छ। उम्मेदवारहरुले यस बैंकको https://vacancy.adbl.gov.np बाट अनलाइन मार्फत आवेदन गर्न सक्नेछन्।

नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थामा कार्यरत उम्मेदवारहरुले आवेदन पेश गर्दा आफू कार्यरत रहेको संस्थाबाट विभागीय स्वीकृति लिई अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ। सेवाको लागि तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको, तोकिएको उमेरहद भित्र नपरेका, तोकिएको अवधी भित्र परीक्षा दस्तुर नबुझाएका वा तोकिएका अन्य रित नपुगेका दरखास्तहरु उपर कुनै कारबाही हुने छैन। साथै, नेपाल सरकार वा कुनै संगठित संस्था वा बैंक/वित्तीय संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त भएका, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएका, नेपाल राष्ट्र बैंकबाट जारी भएको नियमन तथा निर्देशन अनुसार बैंक/वित्तीय संस्थाको कुनै पदमा नियुक्ति हुन अयोग्य हुने भनी तोकिएको, बैंक/वित्तीय संस्थाको ऋण नतिरी कालो सूचीमा परेको, मानसिक सन्तुलन ठिक नभएको वा कानुन बमोजिम योग्यता नपुगेको व्यक्तिले झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही दरखास्तवाला उम्मेदवार स्वयम् हुनु पर्नेछ।

आवेदकले अनलाइन मार्फत दरखास्त फाराम भरी आवेदन गरेपछि परीक्षा दस्तुर वापतको रकम ADBL Mobile Banking, Connect IPS वा E-Sewa वा Khalti Digital Wallet बाट अनलाइन मार्फत नै भुक्तानी गर्नु पर्नेछ।

**तपसिल**

**(१) विज्ञापन नं., पदको नाम, तह, स्तर सेवा र आवश्यक पद संख्या :**

| क्र.स. | विज्ञापन नं. | पद | तह | स्तर | सेवा/समूह | कुल पद संख्या | खुला तर्फ | समावेशी तर्फ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आ.ज | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. |
| १ | १३/२०८०-८१ | शाखा प्रमुख | ८ | अधिकृत | प्रशासन | २ | १ | - | - | १ | - | - | - |
| २ | १४/२०८०-८१ | वरिष्ठ लेखा अधिकृत (सि.ए.) | ७ | अधिकृत | प्रशासन | २ | २ | - | - | - | - | - | - |
| ३ | १५/२०८०-८१ | व्यवसाय अधिकृत | ६ | अधिकृत | प्रशासन | ३२ | १८ | ५ | ३ | ३ | १ | १ | १ |
| ४ | १६/२०८०-८१ | कम्प्युटर अधिकृत | ६ | अधिकृत | प्राविधिक | २ | २ | - | - | - | - | - | - |
| ५ | १७/२०८०-८१ | ईन्जिनियर आई.टी. | ६ | अधिकृत | प्राविधिक | १ | १ | - | - | - | - | - | - |
| ६ | १८/२०८०-८१ | कर्जा अधिकृत | ६ | अधिकृत | प्राविधिक | ६ | ३ | १ | १ | १ | - | - | - |
| ७ | १९/२०८०-८१ | व्यवसाय सहायक | ५ | सहायक | प्रशासन | १६ | ९ | २ | २ | १ | - | १ | १ |
| ८ | २०/२०८०-८१ | कानून सहायक | ५ | सहायक | प्रशासन | १ | १ | - | - | - | - | - | - |
| ९ | २१/२०८०-८१ | कर्जा सहायक | ५ | सहायक | प्राविधिक | ३ | ३ | - | - | - | - | - | - |
| १० | २२/२०८०-८१ | ओभरसियर | ५ | सहायक | प्राविधिक | १ | - | - | - | १ | - | - | - |
| ११ | २३/२०८०-८१ | लेखपाल | ४ | सहायक | प्रशासन | ४६ | २५ | ७ | ६ | ५ | २ | १ | - |
| **जम्मा** | | | | | | **११२** | **६५** | **१५** | **१२** | **१२** | **३** | **३** | **२** |

**विज्ञापन सम्वन्धी बिशेष सूचना**

सम्मानीत सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ।

(२) **सेवाको किसिम**: स्थायी।

(३) **तलव, भत्ता तथा सुविधा**: बैंकको नियम अनुसार हुनेछ।

(४) **सेवाको शर्त**: यस विज्ञापनबाट नियुक्ति हुने कर्मचारीहरुलाई योगदानमा आधारित उपदानको व्यवस्थामा तोकिए बमोजिम लागु हुनेछ।

(५) **कामको किसिम र काम गर्नुपर्ने क्षेत्र**: परीक्षामा सफल भई नियुक्ति हुने उम्मेदवारहरुले प्रचलित कानूनको अधीनमा रही बैंकले तोके अनुसारको कार्य गर्नु पर्नेछ। वि.नं. १३/२०८०-८१ शाखा प्रमुख, वि.नं. १४/२०८०-८१ वरिष्ठ लेखा अधिकृत (सि.ए.), वि.नं. १५/२०८०-८१ व्यवसाय अधिकृत, वि.नं. १६/२०८०-८१ कम्प्युटर अधिकृत, वि.नं. १७/२०८०-८१ ईन्जिनियर आई.टी., वि.नं. १८/२०८०-८१ कर्जा अधिकृत, वि.नं. १९/२०८०-८१ व्यवसाय सहायक, वि.नं. २०/२०८०-८१ कानून सहायक, वि.नं. २१/२०८०-८१ कर्जा सहायक र वि.नं. २२/२०८०-८१ ओभरसियर पदमा नियुक्त हुने कर्मचारीले बैंकले खटाएको जुनसुकै कार्यालयमा काम गर्नु पर्नेछ। वि.नं. २३/२०८०-८१ लेखपाल पदमा नियुक्ति हुने कर्मचारीले तोकिएका जिल्लाहरुमा रहेको बैंकले खटाएको कार्यालयमा अनिवार्य रुपमा कम्तीमा पाँच वर्षसम्म कार्य गर्नु पर्नेछ। तोकिएका देहायका जिल्ला बाहेक सेवा अवधि ५ बर्ष पुरा नभई अन्य जिल्लामा सरुवा गरिने छैन।

वि.नं २३/२०८०-८१ लेखपाल पदमा नियुक्ति हुने कर्मचारीले कार्य गर्नु पर्ने तोकिएका जिल्लाहरु।

इलाम, पाचथर, ताप्लेजुङ, भोजपुर, संखुवासभा, धनकुटा, तेह्रथुम, सोलुखुम्बु, ओखलढुंगा, रसुवा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत, अर्घाखाची, गुल्मी, स्याङजा, जाजरकोट, कालिकोट, दैलेख, सल्यान, रुकुम पूर्व, रुकुम पश्चिम, रोल्पा, प्यूठान, बैतडी, हुम्ला, डोल्पा, मुगु, जुम्ला, बझाङ, बाजुरा, अछाम, डोटी, दार्चुला, डडेलधुरा।

(६) **आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभवः-**

(क) **वि.नं. १३/२०८०-८१, शाखा प्रमुख, तह-८, अधिकृतस्तर, प्रशासन सेवाको पदका लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, कानून, व्यवस्थापन, सूचना प्रविधि विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण भएको र नेपाल राष्ट्र बैंकबाट "क" बर्गको इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा अधिकृतस्तरको पदमा कम्तीमा ४ वर्षको कार्य अनुभव भएको।

(ख) **वि.नं. १४/२०८०-८१, वरिष्ठ लेखा अधिकृत (सि.ए.) तह-७, अधिकृतस्तर, प्रशासन सेवाको पदका लागिः-** मान्यता प्राप्त संस्थाबाट चाटर्ड एकाउण्टेन्सी CA वा ACCA को उपाधि र मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण भएको।

(ग) **वि.नं. १५/२०८०-८१, व्यवसाय अधिकृत तह-६, अधिकृतस्तर, प्रशासन सेवाको पदका लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट व्यापार, वाणिज्य, व्यवस्थापन वा मानविकि संकायबाट मूल विषय अर्थशास्त्र लिई स्नातकोत्तर तह उत्तिर्ण भएको।

(घ) **वि.नं. १६/२०८०-८१, कम्प्युटर अधिकृत तह-६, अधिकृतस्तर, प्राविधिक सेवाको पदका लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट सूचना प्रविधि वा बिज्ञान वा ईन्जिनियरिङ्ग संकायमा मुल विषय कम्प्युटर साईन्स लिई स्नातक तह उत्तिर्ण भएको।

(ङ) **वि.नं. १७/२०८०-८१, इन्जिनियर (आइटी) तह-६, अधिकृतस्तर, प्राविधिक सेवाको पदका लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट आइ.टि./कम्प्युटर/नेटवर्क/हार्डवेयर/सफ्टवेयर/ईलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन ईन्जिनियरिङ्ग बिषयमा स्नातक तह उत्तिर्ण गरी नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भई प्रमाणपत्र प्राप्त गरेको।

(च) **वि.नं. १८/२०८०-८१, कर्जा अधिकृत तह-६, अधिकृतस्तर, प्राविधिक सेवाको पदका लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट कृषि, वन वा पशुपालन संकायमा स्नातकोत्तर तह उत्तीर्ण भएको।

(छ) **वि.नं. १९/२०८०-८१, व्यवसाय सहायक तह-५, सहायकस्तर, प्रशासन सेवाको पदका लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्य वा व्यापार संकाय वा मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई स्नातक तह उत्तीर्ण भएको तथा कम्प्युटर सम्बन्धी न्यूनतम ३ महिने आधारभूत तालीम हासिल गरेको।

(ज) **वि.नं. २०/२०८०-८१, कानून सहायक तह-५, सहायकस्तर, प्रशासन सेवाको पदका लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट कानून संकायमा स्नातक तह उत्तीर्ण भएको।

(झ) **वि.नं. २१/२०८०-८१, कर्जा सहायक तह-५, सहायकस्तर, प्राविधिक सेवाको पदका लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट कृषि विज्ञान संकायबाट स्नातक तह उत्तीर्ण भएको।

(ञ) **वि.नं. २२/२०८०-८१, ओभरसियर तह-५, सहायकस्तर, प्राविधिक सेवाको पदका लागिः-** मान्यता प्राप्त विश्वविद्यालय वा CTEVT बाट मान्यता प्राप्त संस्थाबाट सम्बन्धित इन्जिनियरिङ्ग (सिभिल, मेकानिकल, इलेक्ट्रोनिक, इलेक्ट्रिकल) बिषयमा ३ बर्षे डिप्लोमा कोर्ष उत्तीर्ण भएको।

(ट) **वि.नं. २३/२०८०-८१, लेखपाल तह-४, सहायकस्तर, प्रशासन सेवाको पदका लागिः-** मान्यता प्राप्त विश्वविद्यालय वा परीक्षा बोर्ड वा संस्थाबाट व्यवस्थापन संकाय वा मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई प्रविणता प्रमाणपत्र वा १०+२ उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी न्यूनतम ३ महिनाको आधारभूत तालीम हासिल गरेको।

**पुनश्च** : उम्मेदवारले मान्यता प्राप्त शैक्षिक संस्था वा निकायबाट प्राप्त गरेको शैक्षिक योग्यता सिजिपिए पद्धतिमा रहेको भएमा प्रत्येक विषयमा न्युनतम D+ (डि प्लस) ग्रेड प्राप्त गरेको हुनु पर्नेछ। बिदेशबाट प्राप्त गरेको उपाधि त्रिभुवन विश्वविद्यालयले समान स्तर उपाधि निर्धारण गरे अनुसार हुनेछ।

(७) **अनलाइनबाट फाराम भर्ने प्रक्रियाः-** आवेदन फाराम अनलाइनबाट मात्र भर्न सकिनेछ। आवेदकले अनलाइन मार्फत दरखास्त फाराम भर्दा शुरुमा बैंकको https://vacancy.adbl.gov.np मा आफ्नो विवरण भरी Registration गर्नु पर्नेछ। रजिष्ट्रेशन पश्चात User ID र Password को प्रयोग गरी login गरेर बैंकले तोके अनुसार अनलाइन दरखास्त फाराम भर्नु पर्नेछ। फाराममा तोकिएका सम्पूर्ण विवरणहरु भरी सो साथ उम्मेदवारको हालसालै खिचेको पासपोर्ट साईजको फोटो, दस्तखतको नमूना, नेपाली नागरिकताको प्रमाणपत्र, दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको प्रमाणपत्र, ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, कामको अनुभव तथा तालीम आवश्यक हुने पदका लागि सोको प्रमाणपत्र र समावेशी समूहतर्फको आवेदक भएमा सोका लागि तोकिएको आवश्यक कागजातहरु अनिवार्य रुपमा Scan गरी Upload गर्नु पर्नेछ। दरखास्त फाराम Submit गरे पश्चात "Form has been Submitted", परीक्षा दस्तुर भुक्तानी भए पश्चात "Payment Successfully Received", भरिएको फारम स्वीकृत भएपछि "…has been approved" र भरिएको फारम अस्वीकृत भएमा "…has been rejected", भन्ने जानकारी SMS मार्फत फाराम भर्दा दिईएको मोवाइल र ईमेलमा प्राप्त हुनेछ। सो अनुरुपको SMS प्राप्त भए नभएको सम्वन्धमा सम्वन्धित दरखास्तवालाले एकिन गर्नु पर्नेछ। उम्मेदवारहरुलाई परीक्षाको प्रवेशपत्र अनलाइन मार्फत नै प्राप्त हुने हुँदा आफ्नो User ID / Password सुरक्षित राख्नु पर्नेछ।

(८) **परीक्षा दस्तुरः-** उम्मेद्वारहरुले प्रत्येक विज्ञापनमा आवेदन गर्दा सहायक स्तर (तह ४ र तह ५) को लागि खुलातर्फ रु. ८००।- र समावेशीतर्फ प्रत्येक समूहको लागि थप रु.४००।- का दरले, र अधिकृत स्तर (तह ६, ७ र तह ८) को लागि खुला तर्फ रु. १,०००।- र समावेशीतर्फ प्रत्येक समूहको लागि थप रु. ५००।- का दरले शुल्क बुझाउनु पर्नेछ। कुनै एक समावेशी समूहको लागि मात्र आवेदन गरेमा खुलातर्फको लागि तोकिएको दस्तुर बुझाउनु पर्नेछ। **रीत नपुगेको कारण अस्वीकृत हुने आवेदनहरुको परीक्षा शुल्क फिर्ता हुनेछैन।**

(९) **परीक्षा दस्तुर बुझाउने प्रक्रियाः-** अनलाइन (Online) दरखास्त फाराम Submit गरे पश्चात My application भित्र all applications मा Click गरी आफूले आवेदन गरेको सम्वन्धित विज्ञापनको Pay Option मा गई ADBL Mobile Banking वा Connect IPS वा e-Sewa वा Khalti मार्फत तोकिए बमोजिमको परीक्षा दस्तुर बुझाउनु पर्नेछ। यसरी परीक्षा दस्तुर बुझाउदा एक भन्दा बढी विज्ञापनमा दरखास्त फाराम भर्ने उम्मेदवारले हरेक विज्ञापनका लागि छुट्टा-छुट्टै दस्तुर बुझाउनु पर्नेछ।

(१०) **समावेशी तर्फ दरखास्तको आधारः-** समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु संलग्न गरी दरखास्त दिनु पर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित प्रमाणित प्रति साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरु दरखास्त दिने अन्तिम मिति २०८०/१२/०१ गतेभित्र बुझाउनु पर्नेछ।

(क) आदिवासी/जनजातीका हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातीका हकमा सो ऐनको सूचीको आधारमा,

तर, नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाती भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा,

तर, नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गरिएको कागजात।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरिएको कागजात।

(घ) अपाङ्गता भएका व्यक्तिको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्‌बाट अपाङ्गता प्रमाणित गरेको आधारमा वा प्रचलित कानूनमा व्यवस्था भए बमोजिमको कागजात।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्वन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडि सम्मको सिफारिश पत्र। उल्लेखित जिल्लामा विवाह गरी वा बसाईंसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईंसराइको हकमा बसोबास छाडेको र गएको स्थानीय तहको बसाइँसराई गरेको खुल्ने कागजात।

(११) **उम्मेद्वारको उमेरको हदः-** उम्मेद्वारले दरखास्त दिने अन्तिम मितिसम्म तह ४ र तह ५ को पदमा आवश्यक न्यूनतम उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, तह ६ को लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिला र अपाङ्गता भएका व्यक्तिको हकमा उमेरको माथिल्लो हद ४० बर्ष ननाघेको हुनु पर्नेछ। तह ८ को लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ। यस बैंकमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लागु हुने छैन।

(१२) **दरखास्त फाराम भर्ने अवधिः-** मिति २०८०/११/११ देखि २०८०/१२/०१ गतेसम्म (२१ दिन)

(१३) **दोब्बर दस्तुर तिरी फाराम भर्नेः-** दोब्बर दस्तुर तिरी दरखास्त दिने अन्तिम मिति २०८०/१२/०२ देखि ७ दिन अर्थात मिति २०८०/१२/०८ गते सम्म हुनेछ। तर दरखास्त दिने अन्तिम मिति २०८०/१२/०१ पछि प्राप्त भएको शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, परिषद् दर्ता प्रमाणपत्र, तालीम, अनुभव, सेवा अवधि तथा उमेरको हद मान्य हुने छैन।

(१४) **उम्मेदवारहरुको छनौट विधिः-** उम्मेदवारहरुको छनौट लिखित परीक्षा र अन्तरवार्ताबाट हुनेछ। अनलाइन आवेदन स्वीकृत भएका उम्मेदवारहरुको विवरण बैंकको वेभसाइटमा प्रकाशन गरिने छ। आवेदन स्वीकृत भएका उम्मेदवारहरु मात्र लिखित परीक्षामा र लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुले मात्र अन्तर्वार्तामा सहभागी हुन पाउने छन्।

(१५) **लिखित परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः-** उपरोक्त विज्ञापनहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। सबै पदहरुको लिखित परीक्षा काठमाडौमा सञ्चालन हुनेछ। लिखित परीक्षाको प्रकृया, समय र स्थान लोक सेवा आयोगबाट सूचना प्रकाशन गरे अनुसार हुनेछ। लिखित परीक्षाको लागि सम्पर्क मिति पछि प्रकाशन गरिने छ।

(१६) **परीक्षणकालको अवधिः-** पुरुष कर्मचारीको लागि एक वर्ष र महिला कर्मचारीको लागि छ महिना परीक्षणकाल अवधि रहनेछ।

(१७) **पाठ्यक्रम तथा लिखित परीक्षाः-** सबै पदहरुको लिखित परीक्षाको पाठ्यक्रम बैंकको वेभसाइट http://www.adbl.gov.np/adbl_career-syllabus-forms.html मा राखिएको छ।

(१८) अनलाइन मार्फत प्राप्त आवेदनहरुको स्वीकृत/अस्वीकृत गर्ने अधिकार बैंकलाई हुनेछ।

(१९) अनलाइन दरखास्त आवेदन गर्दा कुनै द्विविधा भएमा यस बैंकको जनशक्ति व्यवस्थापन विभागको फोन नं. ०१-४२१९२४१ वा बैंकको एक्स्टेन्सन नं. १३०२, १३०५, १३०८, १३१०, १३१२, १३१६, १३१७, १३१८ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**कृषि विकास बैंक लि.**

# कृषि विकास बैंक लि.

## जनशक्ति व्यवस्थापन विभाग

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधारमा हुने बढुवाको लागि दरखास्त फाराम भर्ने सम्वन्धी सूचना

**(सूचना प्रकाशन मिति २०८०/११/११)**

यस बैंकको आ.व.२०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत स्थायी कर्मचारी दरवन्दीमा रिक्त रहेका तपसिलका पदनाम, स्तर, तह र सेवामा **आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा** पदपूर्ति गर्न लोक सेवा आयोगबाट मिति २०८०/११/१० मा सहमति प्राप्त भए अनुसार **२०८० असार मसान्तसम्ममा कृषि विकास बैंक लि.कर्मचारी सेवा विनियमावली, २०६२ बमोजिम सम्भाव्य भएका** उम्मेदवारले बढुवा प्रक्रियामा सहभागी हुनका लागि रितपूर्वक दरखास्त पेश गर्न आव्हान गरिएको छ। आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधारमा हुने बढुवा प्रक्रियामा सहभागी हुनका लागि २०८० असार मसान्तसम्म सम्भाव्य भएका उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र परीक्षा दस्तुर वापत अधिकृतस्तर पदको लागि रु. १,०००।- (अक्षेरेपी एक हजार) मात्र र सहायक स्तर पदको लागि रु. ६००।- (अक्षेरेपी छ सय) मात्र कृषि बिकास बैंक लि. वित्त तथा योजना विभागको नाममा कर्पोरेट बैंकिङ्ग रामशाहपथमा रहेको खाता नं. ०१००२०११०१००००२० मा आवेदकको नाम, बहाल रहेको पद र कर्मचारी कोड नं. उल्लेख गरी रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी आवेदन दिनु पर्नेछ। आवेदकले बैंकको Human Resource Management System (HRMS) मा उम्मेदवार कर्मचारी स्वयमको User ID र Password प्रयोग गरी Recruitment मा रहेको Application Form बाट Online System मार्फत दरखास्त पेश गर्नु पर्नेछ। उल्लेखित विज्ञापनहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुने तथा लिखित परीक्षाको प्रक्रिया, परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशन गरिने छ। दरखास्त फाराम भर्ने सम्वन्धमा कुनै द्विविधा भएमा बैंकको जनशक्ति व्यवस्थापन विभागमा सम्पर्क गर्न सकिने छ। तोकिएको अवधिभित्र आवेदन पेश नगरेका वा रितपूर्वक दरखास्त फाराम नभरेका र तोकिएको दस्तुर जम्मा नगरेका सम्भावित उम्मेदवारहरु आन्तरिक प्रतियोगितात्मक परीक्षा प्रक्रियामा सहभागि हुन नपाउने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिल**

| सि.नं. | विज्ञापन नम्वर | पद नाम | स्तर | तह | सेवा | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ८/२०८०-८१ | शाखा प्रमुख | अधिकृत स्तर | ८ (आठ) | प्रशासन | ५ |
| २ | ९/२०८०-८१ | शाखा प्रमुख | अधिकृत स्तर | ८ (आठ) | प्राविधिक | २ |
| ३ | १०/२०८०-८१ | शाखा अधिकृत | अधिकृत स्तर | ६ (छ) | प्रशासन | ६ |
| ४ | ११/२०८०-८१ | ऋण/कर्जा/प्राविधिक अधिकृत | अधिकृत स्तर | ६ (छ) | प्राविधिक | १ |
| ५ | १२/२०८०-८१ | कार्यालय सहायक | सहायकस्तर | ५ (पाँच) | प्रशासन | ९ |
| | **जम्मा :** | | | | | **२३** |

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**कृषि विकास बैंक लि.**

बाँकी पृष्ठ १३ मा